नेपाल सरकार
संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय
**(संघीय मामिला शाखा)**

प.सं.२०७७/७८
च.नं. ०८

सिंहदरबार, काठमान्डौ ।

मिति:२०७७/०४/२१

श्री स्थानीय तहहरु सबै ।

**विषयः अन्तरराष्ट्रिय युवा दिवस मनाउने सम्वन्धमा।**

प्रस्तुत विषयमा युवा तथा खेलकुद मन्त्रालयको च.नं. ४९ मिति २०७७/०४/१२ गतेको पत्रको छायाँ प्रति यसै पत्रसाथ संलग्न छ । अगामी अगस्त १२ तारिक (श्रावण २८, २०७७ ) मा मनाईने अन्तरराष्ट्रिय युवा दिवस भब्यताका साथ मनाउने ब्यवस्था मिलाउनुहुन निर्णयानुसार अनुरोध छ ।

(भेषराज खनाल)
शाखा अधिकृत

वोधार्थः
१.श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार काठमाण्डौं ।
२.श्री राष्ट्रिय खेलकुद परिषद त्रिपुरेश्वर, काठमाण्डौं ।
३.श्री सूचना प्रविधि शाखा, वेवसाइटमा पत्र अपलोड गरिदिनुहुन ।

फोन:४२००२८६, फ्याक्स नं. : ४२००१०८/१०९/११०, वेबसाइट: www.mofaga.gov.np

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(युवा परिचालन तथा परामर्श शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या ०७७/०७८
चलानी नं : ४९

मिति २०७७।०४।१२

विषयः- अन्तरराष्ट्रिय युवा दिवस मनाउन प्रदेश सरकारलाई अनुरोध गरिदिने सम्बन्धमा ।

दर्ता नं.:- ३९०
मिति:- २०७७/४/१३

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

आगामी अगस्त १२ तारिक (श्रावण २८, २०७७) मा मनाइने अन्तरराष्ट्रिय युवा दिवसलाई देशभर भव्यताका साथ मनाउने सन्दर्भमा राष्ट्रिय युवा परिषदको मिति २०७७/०४/०७ च न २० को पत्रको प्रतिलिपि २ प्रति यसै पत्रसाथ संलग्न छ । तहाँ मन्त्रालयबाट स्थानीय सरकारहरु तथा तत तंहका सहकारी तथा गैरसरकारी निकायहरुलाई पत्रमा लेखिएबमोजिमको मिति र अवधिमा भव्यताका साथ अन्तराष्ट्रिय युवा दिवस मनाउन पत्राचार तथा सहजीकरण गरिदिनहुन निर्देशानुसार अनुरोध छ ।

पुण्यप्रसाद भट्टराई
शाखा अधिकृत

फोन नं. :- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४४ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ ( आ.प्र)
फ्याक्स नं. : ४२००५५२, इमेल: info@moys.gov.np, वेभसाइट: www.moys.gov.np

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.............................................शाखा)

प.सं.: 066/6८
च.नं.: २0

युवा तथा खेलकुद मन्त्रालय
द.नं. ५४
मितिः 2066।४।८

मितिः २०७७ ०४ १७

श्री युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं।

विषय: अन्तर्राष्ट्रिय युवा दिवस मनाउन प्रदेश सरकार र स्थानीय तहहरुलाई अनुरोध गर्ने बारे ।

प्रस्तुत विषयमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने सन्दर्भमा २०७७ असार १८ गते राष्ट्रिय युवा परिषदका अध्यक्ष तथा माननीय युवा तथा खेलकुद मन्त्री श्री जगत बहादुर सुनार (विश्वकर्मा) ज्यूको अध्यक्षतामा भर्चुअल विधिबाट बसेको मुल समारोह समितिको बैठकले संयुक्त राष्ट्र संघले सन २०२० का लागि **Youth Engagement for Global Action** भन्ने नारा तय गरेको पृष्ठभूमिमा रहेर <u>विश्व अभियानका लागि युवा सहभागिता: रोजगारी प्रवर्द्धन र वातावरण संरक्षणमा युवा संलग्नता</u> भन्ने नेपाली नाराकासाथ श्रावण २८ गते (तदनुसार अगष्ट १२) बुधबारका दिनलाई मुख्य दिन मानी सप्ताहव्यापी रुपमा देशैभर आम युवाको सहभागितामा मनाउने निर्णय गरेको सन्दर्भमा प्रदेश सरकारहरु, स्थानीय सरकारहरु र तत् तहका सहकारी तथा गैरसकारी निकायहरुलाई <u>नेपालले तय गरेको नारासँग</u> सम्वन्धित रहेर मौलिक प्रकृतिका र आवश्यकता अनुरूपका गतिविधि तय गरी मनाउन अनुरोध गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अनुरोध गर्ने निर्णय समेत गरेकोले देहायको प्रक्रिया बमोजिम अन्तराष्ट्रिय युवा दिवस मनाउनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरिदिन हुन हार्दिक अनुरोध छ ।

तपसिल

१. सम्बन्धित प्रदेशमा सामाजिक विकास मन्त्रालयको संयोजन र स्थानीय तहमा सम्बन्धित स्थानीय तहको संयोजनमा सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, राजनैतिक दल दलसम्बद्ध

प्रशासकीय प्रमुख

वेबसाइट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सूचना अधिकारी)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.............................................शाखा)

राष्ट्रिय युवा परिषद-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.:
च.नं.:

युवा विद्यार्थि संगठन तथा नागरिक समाजसँगको समन्वय र सहकार्यमा धेरै भन्दा धेरै युवाको सहभागिता सुनिश्चित हुनेगरी समय सान्दर्भिक र मौलिक कार्यक्रमहरूका साथ मनाउने ।

२. कोभिड-१९ र यसबाट सृजित परस्थितिको सम्वोधन हुने गरी अन्तराष्ट्रिय युवा दिवसको **Youth Engagement for Global Action** र नेपालले यस वर्षका लागि निर्धारण गरेको नारा विश्व अभियानका लागि युवा सहभागिता: रोजगारी प्रवर्द्धन र वातावरण संरक्षणमा युवा संलग्नता सँग सम्वन्धित विविध रचनात्मक कार्यक्रमहरुका साथ मनाउने ।

३. युवा दिवस मनाउनका लागि आवश्यक पर्ने स्रोत व्यबस्थापन सम्बन्धित प्रदेश, स्थानिय सरकार तथा सहकार्य गर्ने संघसंस्थाहरुबाट गर्ने गराउने ।

डा. बाबु राम ढुङ्गाना
प्रशासकीय प्रमुख
प्रशासकीय प्रमुख

वेवसाइट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष)